# धनपालथान गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सोराभाग, मोरङ
१ नं. प्रदेश, नेपाल

प.सं. ०७७/७८
च.नं.

### शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७८।०३।२८**

यस कार्यालयबाट आ.व. २०७८।०७९ का लागि आन्तरिक आय अन्तर्गत तपशिल बमोजिमको कर दस्तुर असुली कार्य ठेक्का वन्दोवस्तद्वारा संकलन गर्नु पर्ने भएको हुदाँ इच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा तपशिलका शर्त बन्देजका अधिनमा रहि दरभाउपत्र फारम धनपालथान गाउँपालिकाको कार्यालय, सोराभाग मोरङ्गबाट खरिद गर्न र १६ औं दिन दिनको १२.०० बजे सम्म शिलवन्दी दरभाउपत्र दर्ता गर्नु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्काविवरण | न्यूनतमअंक (मू.अ.कर वाहेक) | दरभाउपत्रमूल्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/०७८/०७९ | कर्सिया हाटवट्टी कर असुली धनपालथान–४ | रु.१२,०००००।- | १०००।– | |
| २ | २/०७८/०७९ | मवेशी हाटवट्टी कर असुली धनपालथान–४ | रु.५,०००००।-. | ५००।– | |
| ३ | ३/०७८/०७९ | दानावती हाटवट्टी कर असुली धनपालथान–३ | रु.१,५०,०००।- | ३००।- | |
| ४ | ४/०७८/०७९ | नोचा हाटवट्टी कर असुली धनपालथान–१ | रु.१५,१००।- | ३००।- | |
| ५ | ५/०७८/०७९ | राजाधनपाल हाटवट्टी कर असुली धनपालथान–७ | रु.२०,०००।- | ३००।- | |
| ६ | ६/०७८/०७९ | फुटानी चोक हाटवट्टी कर असुली धनपालथान–५ | रु. १००००।- | ३००।- | |
| | | **पटके सवारी कर असुली** | | | |
| | | तपशिल अनुसारका धनपालथानगा.पा. क्षेत्र भित्रका बाटोहरुमा पटके सवारी कर असूली | | | |
| | | क) कदमाहा चोक उत्तर लोहन्द्रा घाट सम्मको सडक | | | |
| | | ख) कदमाहा – नोचा सडक | | | |
| | | ग)लक्ष्मीमार्ग सोराभाग सडकको कर्सिया बिपी चोक दक्षिण भारत सिमाना सम्मको सडक | | ५००।– | |


Website: www.dhanapalthanmun.gov.np Email: dhanapalthanmun@gmail.com ☎: - 021-565122

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | ७/०७८/०७९ | घ) भलुवा चोक देखि डकुवा डाडा सडक<br>ङ) दादरबैरिया चोक देखि किसान प्रा.बि. हुदै बालुघाट सम्म<br>च) दादरबैरिया भंगापुल देखि बबिया सम्मको सडक धनपालथान खण्ड<br>छ) कर्सीया पानी टंकी – बबियाबिर्ता खण्डको सडक<br>ज) शारदा स्कूल दक्षिण लखन्तरी सडक | रु.५,६५,०००।– | | |
| ८ | ८/०७८/०७९ | बिज्ञापन कर असुली | रु.५,००००।– | ३००।– | |
| ९ | ९/०७८/०७९ | मनोरन्जन कर असुली | रु.१५,०००।– | ३००।– | |
| १० | १०/०७८/०७९ | कचालु घर देखि पूर्वकव पोखरी धनपालथान–१ | रु.१,०००००।- | ३००।- | |
| ११ | ११/०७८/०७९ | बरियाती पोखरी धनपालथान-२ | रु.१,०००००।- | ३००।- | |
| १२ | १२/०७८/०७९ | साविक दादरबैरिया-५ कालिका प्रा.वि. पश्चिमको पोखरी, धनपालथान-५ | रु.२,०००००।- | ३००।- | |

**शर्तहरु:**

१. शिलवन्दी दरभाउपत्र, दरभाउपत्र फारम खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजे भित्र धनपालथान गाउँपालिकाको कार्यालय सोराभाग, मोरङमा दर्ता गराई सक्नु पर्ने छ । साथै सो भन्दा अगावै समेत कार्यालय समय भित्र शिलवन्दी दरभाउपत्र दर्ता गराउन सकिनेछ ।

२. शिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन दिनको २.०० बजे यस कार्यालयमा नियमाअनुसार खोलिने छ । दरभाउपत्र खरिद र दाखिला गर्ने अन्तिम दिन वा दरभाउपत्र खोलिने दिन विदा परेमा सो को लगतै कार्यालय खुलेको दिन तोकिएकै समयमा उक्त कार्यहरु गरिनेछ ।

३. शिलवन्दी दरभाउपाको साथमा व्यक्ति विशेष भए ना.प्र.प.को प्रतिलिपि र फर्म भए फर्म दर्ता प्र.प.को प्रतिलिपि, स्थायी ले.नं. र मू.अ.कर दर्ता प्र.प.को प्रतिलिपि तथा आ.व. २०७७/०७८ को कर चुक्ता प्र.प.को प्रतिलिपि संलग्न गर्नु पर्नेछ । धरौटी वापत कवोल अंकको ५% रकम यस कार्यालयको नाममा मेगा बैक लि. कर्सीया बजारमा रहेको धरौटी खाता नं. ००८००१००९६५५३ मा नगदै धरौटी रकम जम्मा गरी सो को सक्कल भौचर वा नगदै धरौटी रकम पेश गर्नु पर्नेछ ।

४. कर असुलीको दररेट दरभाउपत्र फारम साथ उपलब्ध गराईने छ ।



मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

# धनपालथान गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### सोरभाग, मोरङ
### १ नं. प्रदेश, नेपाल

प.सं. ०७७/७८

च.नं.

५. ठेक्का अवधि पोखरी ठेक्काको हकमा सम्झौता भएको मिति देखि २०८१ अषाढ मसान्त सम्म र अन्य ठेक्काको हकमा सम्झौता भएको मिति देखि २०७९ अषाढ मसान्त सम्म हुनेछ ।

६. प्रत्येक ठेक्काको छुट्टा छुट्टै दरभाउपत्र खरीद गरी जुन ठेक्कामा प्रतिस्पर्धा गर्ने हो सो को छुट्टा छुट्टै दरभाउपत्र पेशगर्नु पर्नेछ ।

७. दरभाउपत्रदाताले खामको वाहिर पट्टी ठेक्काको विवरण, धनपालथान गाउँपालिकाको कार्यालय सोराभाग, मोरङ भनि प्रष्ट बुझिने गरी उल्लेख गर्नु पर्ने छ ।

८. कवोल रकम अंक र अक्षरमा प्रष्ट संग उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ ।

९. दरभाउपत्र स्वीकृत भएको सूचना पाएको ७ (सात) दिन भित्र सम्झौता गरिसक्नु पर्नेछ । उक्त अवधिमा सम्झौता गर्न नआएमा नियमानुसार कार्वाही अगाडी वढाईनेछ ।

१०. ठेक्का रकम बुझाउने तरिका:- रकम रु. ५०००००।- सम्मकव ठेक्कमा एकमूष्ट रकम बुझाउनु पर्ने छ र सो भन्दा माथिको ठेक्कामा किस्तामा पनि रकम बुझाउन सकिने छ । किस्तामा रकम बुझाउँदा पहिलो किस्ता ५० प्रतिशत रकम सम्झौता गर्दाकै बखत, दोश्रो किस्ता ३० प्रतिशत रकम पौष मसान्त भित्र र तेश्रो किस्ता २० प्रतिशत रकम चैत्र मसान्त भित्र बूझाउनु पर्नेछ । तर किस्तामा रकम बुझाउँदा दोश्रो र तेश्रो किस्ता बराबर हुन आउने रकमको हकमा बैंक ग्यारेन्टी पेश गरेमा मात्र ठेक्का सम्झौता हुनेछ । एकमुष्ट रकम बुझाउँदा मू.अ.कर बाहेकको रकममा १० प्रतिशत रकम छुट दिईनेछ ।

११. ठेकदारले कबोल गरेको अंकमा मू.अ.कर बापतको रकम थप गरी बुझाउनु पर्नेछ ।

१२. ठेकेदारले राखेको धरौटी रकम ठेक्का अवधि समाप्त भएपछि आन्तरिक राजस्व कार्यालयमा कर तिरेको प्रमाण र धनपालथान गाउँपालिकाको कार्यालयबाट कर असुलीमा प्रयोग भएको रसिद जाचवुझ भएपछि मात्र फिर्ता दिईनेछ । यसरी रसिद चेक गर्दा तोकिएको दररेट र वस्तु वाहेक गैर वस्तु र फरक दररेटमा कर दस्तुर असुल गरेको पाईएमा यो वरावरको रकम धरौटी रकमबाट कट्टा गरी बाँकी रकम मात्र फिर्ता दिईनेछ ।

१३. ठेक्का कवोल गर्ने ठेकेदारले धनपालथान गाउँपालिकाको कार्यालयले तोकि दिईएको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफनै तर्फवाट छपाई सो रसिदहरु यस कार्यालयवाट कार्यालय प्रमुख वा तोकिएको अन्य कर्मचारीवाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित वाहेकका रसिदवाट कर उठाईएका उजुरी वा जानकारी कार्यालयमा प्राप्त भएमा नियमानुसार कार्वाही चलाईने छ ।

१४. वन्द हडताल जस्ता मानव सृजित कारणवाट सृजना हुने अवस्थाको कारण कर छुट वा मिनाहा हुनेछैन ।

१५. यो सूचना वमोजिम दाखिला भएको कुनै वा सबै दरभाउपत्र धनपालथान गाउँपालिकाले कुनै कारण देखाई वा नदेखाई स्वीकृती वा अस्वीकृत गर्न सकिनेछ ।

१६. कुनै शर्त सहितको दरभाउपत्र स्वीकार्य हुनेछैन ।

१७. राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढाट राखी कर संकलन गर्न पाईने छैन ।

१८. ठेकदारले स्थानीयतह तथा धनपालथान गाउँपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनहरु पालन गर्नु पर्नेछ र यस कार्यालय तथा ठेकदार बिच कुनै बिबाद भएमा धनपालथान गाउँपालिकाको कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

१९. धनपालथान गाउँपालिकाको कार्यालय लाई बुझाउनु पर्ने बांकी बक्यौता भएमा व्यक्तिहरुको बोलपत्रलाई बाकी बक्यौता नबुझाएमा स्वीकृत गरिनेछैन् ।

२०. कर असुलीको दररेट एवं कर लाग्ने बस्तुहरुको बिबरण सहितको होडिङ्गवोर्ड ठेकदारले प्रत्येक संकलन केन्द्रमा सबैले देखिने गरी अनिबार्य रुपमा राख्नु पर्नेछ ।

२१. **<u>पटके सवारी करठेक्काको हकमा</u>**

(क) जुन सडकको पटके कर लगाईएको हो सोही सडकको मर्मत वा निर्माण कार्य गर्दा ठेकेदार वा उसले प्रयोग गरीएको गाडीमा कर लिनपाईने छैन्।

(ख) नेपाल सरकारको स्वामित्वमा रहेको सवारी साधन, कुटनैतिक नियोगका सवारी साधनमा पटके सवारी कर लिनपाईने छैन् ।

(ग) खाली गाडीमा कर लिनपाईने छैन ।

(घ) बिदेशी गाडी भए तोकिएको दर भन्दा दोब्बर कर उठाउनु पर्ने छ ।

(ङ) निजी बिद्यालयको गाडी प्रति गाडी एकमुष्ठ रु ६०००।०० लिई बार्षिक पास उपलब्ध गराउनु पर्नेछ ।

(च) महाशिवरात्रीको दिन यात्रुबाहक गाडीमा कर उठाउनपाइने छैन ।

Website: www.dhanapalthanmun.gov.np Email: dhanapalthanmun@gmail.com ☎: - 021-565122

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

(छ) एकै दिन एउटा सडक खण्डमा कर लिई सके पछि पुन: सोही गाडी अर्को सडकमा गुडदा कर लिनपाईने छैन ।

२२. **पोखरी ठेक्काको हकमा**

क.) ठेक्का रकम एकमुष्ठ बुझाउनु पर्नेछ। एकमुष्ठ रकम बुझाएमा १० प्रतिशत छुट दिईने छ।

ख.) पोखरीको डील मर्मत गर्नुपर्ने भएमा ठेकेदारले आफ्नै तर्फबाट मर्मत गर्नुपर्नेछ।

ग.) बाढी वा कटानको कारण माछा भागेमा वा कुनै रोग लागि माछा मरेमा क्षतिपुर्तिको दाबी गर्न पाईने छैन।

२३. **हटिया ठेक्काको हकमा**

क.) खानेपानी र सरसफाईको प्रबन्ध ठेकेदार स्वयमले गर्नु पर्नेछ।

२४. गत विगतको वक्यौता तिर्न बाँकी रहेको व्यक्ति, फर्मले ठेक्का प्रकृयामा भाग लिन पाईने छैन ।

२५. सूचनामा उल्लेख नभएका कुराहरु को हकमा प्रचलित कानून अनुसार हुनेछ ।

२६. यस सम्वन्धमा अन्य जानकारी लिन चाहेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

.............................

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत